## डाँक ढुवानीका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

गोश्वारा हुलाक कार्यालयले निर्धारण गरेको समय तालिका अनुसार देहायका प्रखण्डहरुमा बसबाट डाँक ढुवानी आदान प्रदान गर्नको लागि सिलबन्दी दरभाउपत्रको माध्यमबाट आ.व. ०७७/७८ को लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले रुट इजाजत प्राप्त कम्तिमा २ (दुई) बस भएका इन्छुक फर्म, व्यक्ति, समिति वा कम्पनीहरुबाट निम्नानुसारका शर्तहरुको अधिनमा रहि सिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्ने भएको हुँदा राजधानी राष्टिय दैनिकमा मिति २०७७।०४।०६ गते यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. दरभाउ पत्र फाराम यस कार्यालयबाट रु. १००० ( रु.एक हजार) (फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फाराम खरिद गरि यस कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउ पत्रमा नि:शुल्क वा नेपाल सरकारबाट के कती रकम लिने स्पष्ट खुलाई प्रत्येक प्रखण्डको लागि छुट्टा छुट्टै सिलबन्दी पत्र पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्रसाथ आफुले कबोल गरेको अंकको २.५ प्रतिशतले हुन आउने रकमको बैंक जमानत दरभाउपत्र खोलेको मितिले कम्तिमा ७५ दिन म्याद भएको विडवण्ड वा यस कार्यलयको कोड न.३५८०३३५०६ धरौटि खाता नं. १७००२०३ को.ले.नि. का. त्रिपुरेश्वर मा रकम जम्मा गरेको भौचर र संस्था दर्ताको प्रमाण पत्र , सवारी साधनको रुट परमिट कर तिरेको प्रमाण र सवारी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

५. पर्न आएका सिलवन्दी दरभाउपत्र १६औं दिन दिनको २ बजे सम्बन्धित दरभाउपत्र वाला वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । निजहरु उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६. दरभाउपत्र फाराममा खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा परेमा सो पछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

७. दरभाउपत्र फाराम कबोल रकम अंक र अक्षरमा स्पष्ट गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

८. रीत नपुगेका, म्याद नाघी प्राप्त भएको वा केरमेट भई अंक अक्षर नबुझिने तथा संबन्धित दरभाउपत्र वालाको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत भएपछि कार्य सम्पादन जमानत वापत कुल अंकको ५ प्रतिशतले हुन आउने रकम जम्मा गर्नुपर्नेछ ।

वद प्रसाद भण्डारी
कार्यालय प्रमुख

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
गोश्वारा हुलाक कार्यालय

१०. यस सूचनामा उल्लेखित विषयहरु यसै सूचना अनुसार र यसमा छुट भएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

११. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. यस सम्बन्धी विस्तृत जानकारी लिन चाहेमा यस कार्यलयमा सम्पर्क राख्न सकिनेछ ।

१३. यस सम्झौता म्याद समाप्त भए पछि पनि दुवै पक्ष राजी भएमा थप आ.व.को लागि सम्झौता नवीकरण गर्न सकिनेछ ।

**डाँक ढुवानीका प्रखण्डहरु**

१.गो.हु.का.काठमाण्डौ -टिमुरे (रसुवा) प्रखण्ड

२ गो.हु.का.काठमाण्डौ - चौतारा -तातोपानी (सिन्धुपाल्चोक) प्रखण्ड

३. खाडिचौर (सिन्धुपाल्चोक) - चरिकोट -जिरी (दोलखा) प्रखण्ड

४.काठमाण्डौ -धुलिखेल - मन्थली(रामेछाप)- खुर्कोट (सिन्धुली) प्रखण्ड

वेद प्रसाद भण्डारी
कार्यालय प्रमुख